# शुल्क पुनरावलोकन गर्दै त्रिवि



**काठमाडौं/मस-** त्रिभुवन विश्वविद्यालयले विभिन्न संकायमा विद्यार्थीसँग लिँदै आइएको शुल्कको पुनरावलोकन गर्न बनेको कार्यदलले बिहीबारदेखि काम थालेको छ।

शुल्कबारे विद्यार्थी संगठनको विरोधका कारण उपकुलपति कार्यालयमा अवरोध हुनुका साथै विश्वविद्यालयको दैनिक गतिविधि प्रभावित हुन थालेपछि विश्वविद्यालयको कार्यकारी परिषद्ले गत साता व्यवस्थापन संकायका सहायक डीन प्राध्यापक डा.दिलीप पराजुलीको संयोजकत्वमा शुल्क पुनरावलोकनसम्बन्धी उच्चस्तरीय कार्यदल गठन गरेको थियो। कार्यदलमा अंग्रेजी केन्द्रीय विभागका प्रमुख ध्रुव कार्की र शिक्षाशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा सूर्यबहादुर थापासमेत छन्।

कार्यदललाई तीन महिनाभित्र सबै अध्ययन संस्थान, आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा लिइने सबै प्रकारका शुल्कको अध्ययान गरी समयानुकूल बनाउन र एकरूपता हुनेगरी कार्यविधि सिफारिस गर्न कार्यादेश दिइएको डा.पराजुलीले जानकारी दिए।

विश्वविद्यालयमा नेपाली कम्युनिष्ट पार्टी निकट अखिल (क्रान्तिकारी)ले कार्यालय सञ्चालन अवरुद्ध हुने गरी उपकुलपति कार्यालयको मूल ढोकामा विज्ञप्ति टाँसेपछि काम प्रभावित हुँदै आएको छ। अखिल (क्रान्तिकारीले) शुल्क वृद्धि फिर्ता लिनुपर्नेसहितका माग राख्दै विज्ञप्ति टाँसेको हो।

यसैबीच, गतिरोध खुलाउन त्रिविले विद्यार्थी कल्याण महाशाखा प्रमुख दीपेन्द्र पराजुलीको संयोजनमा छलफल तथा परामर्श गरिरहेको छ।

# घरेलु उद्योगले फेरियो जीवन



**भोजपुर/मस-**भोजपुरका दुई दिदीबहिनीले पछिल्ला चार दशकभन्दा बढी समयदेखि परम्परागत ऊनी कपडा बुन्ने घरेलु उद्योग सञ्चालन गर्दै आएका छन्।

आधुनिक प्रविधि र रेडिमेड कपडाको बढ्दो प्रयोगका बीच पनि परम्परागत सीपको संरक्षण र पुस्तान्तरण गर्ने उद्देश्यले रसिला ताम्राकार र हीरामाया ताम्राकारले ४२ वर्षदेखि निरन्तर रूपमा यो पेसालाई जीवित राख्दै आएका हुन्।

परम्परागत चर्खा तथा होजियारी मेसिनको प्रयोग गरी ऊनी धागोबाट स्विटर, चौबन्दीचोलो, ब्लाउज, मफ्लर, टोपीलगायत कपडा उत्पादन गर्दै आएको रसिला ताम्राकारले बताइन्।

विद्यार्थी, स्थानीय बासिन्दा तथा विशेष अर्डरका ग्राहकको मागअनुसार डिजाइन र साइजमा कपडा तयार गर्ने गरिएको उनको भनाइ छ।

विगतमा भोजपुरमा आधा दर्जनभन्दा बढी यस्ता घरेलु ऊनी उद्योग सञ्चालनमा रहे पनि पछिल्ला वर्षहरूमा अधिकांश बन्द भइसकेका छन्। विविध चुनौतीको सामना गर्दै आफूहरूले चार दशकदेखि यही पेसालाई निरन्तरता दिँदै आएको बताइन्।

'हामीले २०४० सालदेखि निरन्तर यही पेसा गर्दै आएका छौं,' रसिला ताम्राकारले भनिन्, 'पहिला धेरैको रोजगारी बनेको यो पेसा अहिले लोप हुने अवस्थामा पुगेको छ। परम्परागत सीप जोगाउने उद्देश्यले नै हामी यसमा टिकिरहेका छौं।'

'अजिमा ऊनी वस्त्रालय' नामबाट सञ्चालन भइरहेको यस उद्योगबाट वार्षिक करिब सात लाखसम्मको कारोबार हुने गरेको छ। कच्चा पदार्थ तथा अन्य खर्च कटाएर पनि करिब ५० प्रतिशतसम्म आम्दानी हुने गरेको उनीहरूको भनाइ छ।

यहाँ उत्पादन भएका ऊनी कपडा उपहारका रूपमा देशका विभिन्न जिल्लासँगै विदेश पनि पुग्ने गरेको हिरामाया ताम्राकारले जानकारी दिइन्। उद्योग सञ्चालनका लागि धागो तथा अन्य कच्चा पदार्थ धरान, इटहरीलगायत सहरबाट ल्याइने गरिएको छ।

स्थानीय तहबाट प्रवर्द्धन, सीप हस्तान्तरणका कार्यक्रम तथा बजार व्यवस्थापनमा सहयोग भएमा परम्परागत घरेलु उद्योगले रोजगारी सिर्जना गर्नाका साथै स्थानीय संस्कृति संरक्षणमा पनि योगदान पुग्ने यहाँका ज्येष्ठ नागरिक बताउँछन्।


प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
## जिल्ला अस्पताल संखुवासभा
कोशी प्रदेश, संखुवासभा, नेपाल

कोशी प्रदेश पर्यटन वर्ष २०८२

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/०९**

यस जिल्ला अस्पताल संखुवासभाद्वारा मिति २०८२/०९/०४ गते प्रकाशित भएको सूचना अनुसार म्यादभित्र दर्ता भएका ई-शिलबन्दी दरभाउपत्रहरु मध्ये प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम ठेगाना | कबोल अंक (मु.अ.क. बाहेक) | बोधार्थ |
|---|---|---|---|---|
| १. | Procurement of Free Medicine Contract IDM–DHS/GOODS/01/082/083 | श्री गणेश ड्रग हाउस, विराटनगर। | रु.१३,८५,३८६.९० (अक्षेरुपी तेह्र लाख पचासी हजार तीन सय छयासी रुपैंया नब्बे पैसा मात्र), (मू.अ.कर र पि.एस. बाहेक) | क) आकाश मेडिसिन डिष्ट्रिव्युटर्स प्रा.लि., काठमाडौं ख) श्री हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि., काठमाडौं |

नि. प्रमुख मेडिकल सुपरिटेण्डेन्ट

## चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८२/१०/०९)

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८२/०८/२३ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मूल्यांकन गर्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/WORKS-06/082/083 | Bituminous Premix Carpeting (Black Top) Works in Jalkini Jitpur Siranchaur Kadambas Sadak, CSGM-09 | Sophiya Builders and Suppliers, Chautara Sangachokgadhi Municipality - 5, Chautara, Sindhupalchok | ५२,०८,३४१.८० |
| २ | CSGM/NCB/WORKS-07/082/083 | Rokkatol Lift Khanepani Yojana (Sarkigaun), CSGM-13 | L.O.G. Construction And Suppliers Pvt. Ltd., Chautara Sangachokgadhi Municipality - 13, Sindhupalchok | ४८,५८,०२८.६० |

प्रमुख प्रशासकीय अधिकृत

## अधिकृत वारेसनामा बदर सम्बन्धी सूचना

लिखितम् चेतनाथ गौतमको नाति, नारायण प्रसाद गौतमको छोरा, जिल्ला प्यूठान साविक विजुवार गा.वि.स. वडा नं. ४ परिवर्तित प्यूठान नगरपालिका वडा नं. ७, स्थायी घर भई हाल का.जि.का.म.न.पा.वडा नं.३ बस्ने वर्ष ४८ को हरि प्रसाद गौतम (ना.प्र.प.नं. १००१६, मिति २०५०/४/५ जि.का., प्यूठान) ले आगे मालपोत कार्यालय काठमाडौंमा मेरो नाउँमा एकलौटी दर्ता श्रेस्ता कायम रही हकभोग रहेको जग्गाहरू बिक्री गरी हक हस्तान्तरण गर्नका लागि मेरो सहोदर भाइ वर्ष ४१ को शंकर गौतम (ना.प्र.प.नं. २९३०४, मिति २०५७/४/२०, जि.का., प्यूठान) लाई श्री काठमाडौं जिल्ला अदालतबाट मिति २०७५/०८/१३ मा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३ (२) र १५४ (१) बमोजिम र मुलुकी देवानी संहिता, २०७४ को दफा ४२५ बमोजिम अधिकृत वारेसनामा नियुक्त गरेकोमा का.जि.का.म.न.पा. वडा नं ३५ हाल ३२ मा स्थित कि.नं. ७५ को जग्गा बिक्री भइसकेकोले हाल का.जि.बु.न.पा.-२ मा स्थित हाल साविक पछिको कि.नं. १८१ को २३८.४३ व.मी. क्षेत्रफल भएको मेरो नाउँको जग्गा अब उप्रान्त म स्वयं मालपोत कार्यालयमा उपस्थित भई आफैले बिक्री वितरण एवं हक हस्तान्तरण गर्ने भएकोले श्री काठमाडौं जिल्ला अदालतबाट तपाईं शंकर गौतमलाई दिएको अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५ (१) (ग) बमोजिम सूचना प्रकाशन गरी बदर गरिदिएको छु।

## Shree Sindhuli District Court
Sindhuli

## LETTER OF INTENT

**Date of publication: 2082/10/09**

This is to notify all concerned bidders our intention to award the contract for the following project to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated is Public Procurement Act 2063, clause 27, sub-clause (2) and (3) and clause 47.

| IFB No. | Name of Project | Name and Address of the bidder | Bid Amount (including PS and VAT) |
|---|---|---|---|
| DCS/NCB/WORKS/01/2082-083 | Maintenance works of Jilla Adalat, Sindhuli | Agam Construction and Supplyers, Kamalamai-6, Sindhuli | 28,19,710.97 |

Shrestedar

## Nepal Electricity Authority

नेपाल विद्युत प्राधिकरण स्थापित २०४२ ESTD. 1985 NEPAL ELECTRICITY AUTHORITY

## Notice For Intent To Award The Contract

**Notice Publication Date : 2082/10/09**

| Name & Address of Office | IFB and Type of Bidding | Name & Address of Lowest Evaluated Substantially Responsive Bidder | Total Accepted Bid Price (With VAT) |
|---|---|---|---|
| Nuwakot Distribution Centre (Tel No : 010-560177)) | NEA/NDC/2082/083/ESQ-02 | M/s Asmita Nirman Sewa, Tarakeshwor-01, Dangsing | NRs. 7,83,948.07 |
| | NEA/NDC/2082/083/ESQ-03 | M/s Bhattarai Nirman Sewa, Bidur-09, Nuwakot | NRs 5,32,970.15 |
| | NEA/NDC/2082/083/SSQ-04 | M/s Hitech Solutions, Kathmandu | NRs. 7,35,345.80 |
| | NEA/NDC/2082/083/ESQ-05 | M/s Acharya HPL Enterprises, Kathmandu-16 | NRs. 14,76,797.00 |
| Syangja Distribution Centre (Tel No : 063-423077) | NEA-SDC-2082/083-03SQ | M/s MN Bhattrai Nirman Sewa, Mirmi-7 Syangja. | NRs.6,53,987.50 |
| Balaju Distribution Centre (Tel No. : 4390069) | NEA/BJDC-2082/83-01(SQ) | M/s Reyansh Construction Kathmandu-14 | Nrs. 3,57,021.20 |
| Inaruwa Distribution Centre (Tel No: 025-566775) | NEA-INWDC-2082/083-01 (SQ) | M/s Roll Print Enterprises Kalanki-14, Kathmandu | Nrs. 12,00,229.50 |
| Ramechhap Distribution Centre (Tel No.: 048-540051) | NEA/RAMECHHAP/2082/083-SQ03 | M/s Global Multi Trade Ventures Private Limited. New Palaza Kathmandu-29 | Nrs. 10,74,404.00 |
| | NEA/RAMECHHAP/2082/083-SQ04 | M/s Aacharya HPL Enterprises, Kathamandu-16 | Nrs. 14,83,351.00 |

Sudurpaschim Province Government
Ministry of Physical Infrastructure Development
## Water Resources & Irrigation Development Division Office
Kanchanpur

## Notice of Intention to Award Contract

**Date of publication: 2082-10-09 (23rd Jan, 2026)**

Water Resources & Irrigation Development Division Office, Kanchanpur hereby notifies and intends to award the following listed contract and publish this notice to all concerned bidders regarding our Invitation notice published on Annapurna Post National Daily dated 2082-08-17 (3rd Dec, 2025) in accordance with ITB Clause 33 and Public Procurement Act 2063 Clause 27.2, 27.3 & 47.

| Contract No. | Name and Address of Bidder | Total Bid Amount including VAT & PS |
|---|---|---|
| WRIDDOKAN/WORKS/NCB/RTW/01-2082/2083 | Meera Nirman Sewa, Sunikot 01 Bajhang | 6825393.09 |
| WRIDDOKAN/WORKS/NCB/RTW/02-2082/2083 | New Bamba Devi Nirman Sewa,Bhimdatta 16 Kanchanpur | 7060032.75 |
| WRIDDOKAN/WORKS/NCB/RTW/03-2082/2083 | Archline Builders Pvt Ltd,Bhimdatta 04 Kanchanpur | 7465027.00 |
| WRIDDOKAN/WORKS/NCB/RTW/04-2082/2083 | Mountain Thoughts Pvt Ltd,Mahalaxmi 05,Lalitpur | 7035204.40 |
| WRIDDOKAN/WORKS/NCB/RTW/05-2082/2083 | Mountain Thoughts Pvt Ltd,Mahalaxmi 05,Lalitpur | 5583949.03 |
| WRIDDOKAN/WORKS/NCB/RTW/06-2082/2083 | Bedkot Nirman Sewa,Bedkot 03 Kanchanpur | 5986858.66 |
| WRIDDOKAN/WORKS/NCB/RTW/07-2082/2083 | Dogada Bhumiraj Jashling Builders, Bhimdatta 15 Kanchanpur | 1837041.80 |
| WRIDDOKAN/WORKS/NCB/RTW/08-2082/2083 | Meera Nirman Sewa, Sunikot 01 Bajhang | 3450056.82 |
| WRIDDOKAN/WORKS/NCB/RTW/09-2082/2083 | Rawal Nirman Sewa,Lamkichuwa 01 Kailali | 1780112.24 |
| WRIDDOKAN/WORKS/NCB/RTW/10-2082/2083 | B K Construction, Mrama 06 Darchula | 2946651.80 |
| WRIDDOKAN/WORKS/NCB/RTW/11-2082/2083 | Aarohi Construction,Bhimdatta 02 Kanchanpur | 1856746.06 |
| WRIDDOKAN/WORKS/NCB/RTW/12-2082/2083 | Chadani Nirman Sewa, Bhimdatta 18 Kanchanpur | 1420284.00 |
| WRIDDOKAN/WORKS/NCB/RTW/13-2082/2083 | Prasanga Nirman Sewa,Krishnapur 05 kanchanpur | 1492722.60 |
| WRIDDOKAN/WORKS/NCB/RTW/14-2082/2083 | L B Construction, Bhimdatta 18 Kanchanpur | 4953556.35 |
| WRIDDOKAN/WORKS/NCB/RTW/15-2082/2083 | L B Construction, Bhimdatta 18 Kanchanpur | 2802549.24 |
| WRIDDOKAN/WORKS/NCB/RTW/16-2082/2083 | Ishwor Nirman Sewa, Bedkot 07 kanchanpur | 2495352.30 |

Division Chief


CS CamScanner